आज **मिति २०७७ साल पुस ०५ गते** चौरजहारी नगर कार्यपालिकाको **६४ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर बुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

## मिति २०७७।०९।०५ गतेको नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि आयोजना छनौट गर्ने सम्बन्धी प्रस्ताव | कर्णाली प्रदेश सरकारबाट मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि यस नगरपालिकामा स्वीकृत बजेट रु ५ करोड ५४ लाख ९५ हजार र वडागत विनियोजित सिलिङ बमोजिम एउटा वडाबाट बढिमा २ वटा योजना पर्ने गरी अनुसूची १ मा उल्लेखित आयोजना छनौट गरी पठाउने र सोही अनुसार कार्यान्वयन गर्ने । | |
| २. | बालुवा, गिट्टी, ढुङ्गा, दहत्तरबहत्तर उत्खनन्, सङ्कलन र बिक्री वितरण गर्ने सम्बन्धी प्रस्ताव | यस नगरपालिकाका विभिन्न नदी तथा खोलाहरुबाट बालुवा, गिट्टी, ढुङ्गा र दहत्तरबहत्तर संकलन र बिक्री वितरण सम्बन्धमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम ठेक्का बन्दोवस्त गरिएकोमा दोस्रो पटक समेत सूचना प्रकाशन गरेकोमा हालसम्म पनि कसैले बोलपत्र दर्ता नगराएकोले अन्तिम पटकको लागि तेस्रो पटक नगरपालिकाबाट स्वीकृत ठेक्का रकममा १० प्रतिशत घटी बोलपत्र आव्हान गर्ने र सो पश्चात् पनि कसैले बोलपत्र दर्ता नगरेमा नगरपालिका आफैंले नगर प्रहरी परिचालन गरी एवम् आवश्यकता अनुसार अन्य जनशक्ति समेत व्यवस्था गरी बालुवा, गिट्टी, ढुङ्गा, दहत्तरबहत्तर उत्खनन्, सङ्कलन तथा बिक्री वितरणको व्यवस्था मिलाउने । | |
| ३. | १५ शैयाको अस्पताल निर्माणको लागि जग्गा | चौरजहारी नगरपालिका वडा नं. ७ स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी १५ | |

| क्र.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | विवाद टुङ्गो लगाउने सम्बन्धी प्रस्ताव | शैयाको अस्पताल बनाउन आवश्यक भौतिक संरचना निर्माणको लागि नेपाल सरकारबाट बजेट स्वीकृत भईसकेको सन्दर्भमा एवम् यही २०७७ पौष मसान्तभित्र ठेक्का प्रक्रिया टुङ्ग्याई सक्नुपर्ने निर्देशन अनुसार १५ शैयाको अस्पताल निर्माण गर्न हाल प्राथमिक स्वास्थ्य केन्द्र रहेको स्थानमा मापदण्ड अनुसार जग्गा (मापदण्ड अनुसार कम्तिमा ९.६ रोपनी जग्गा हुनुपर्ने) नभएको, अस्पतालको लागि वडा नं. ९ र वडा नं. ७ गरी दुई स्थानमा करिब १०/१० रोपनी जग्गा प्राप्त भएकोमा जग्गा प्राप्त भएका स्थानहरुमध्ये कुन स्थानमा अस्पताल भवन निर्माण गर्ने सम्बन्धमा विवाद कायमै रहेकोले तीन (३) दिनभित्र वडा नं. ६, ७, ८ र ९ का वडा समितिमा रहेका जनप्रतिनिधिहरु र प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरुसहितको संयुक्त बैठक बसी उक्त बैठकले उल्लेखित जग्गा प्राप्त भएका स्थानहरु वा अन्यत्र उपयुक्त स्थान समेतको सर्वसहमतिबाट निक्यौंल गरी नगरपालिकामा निर्णयको प्रतिलिपिसहित पठाउने । | |
| ४. | समपूरक र विशेष अनुदानको लागि आयोजना छनौट गर्ने सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०७८।०७९ को लागि समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी राष्ट्रिय योजना आयोगले मिति | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

| क्र.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | २०७७/०८/३० गते प्रकाशन गरेको सूचना अनुसार सूचना तथा कार्यविधिमा उल्लेखित शर्तहरुसमेतको आधारमा **अनुसूची २** बमोजिमका आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने । | |
| ५. | विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०७७/०७८ मा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरु लक्षित दिवा खाजा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विद्यालयहरुलाई खाद्य सामग्री खरिद, दिवा खाजा तयारी तथा वितरण र सोको लागि आवश्यक भाडावर्तन खरिद, भान्साकोठा व्यवस्थापन लगायतका आवश्यक व्यवस्थापकीय कार्यहरु गर्न आर्थिक वर्ष २०७७/०७८ को लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम सम्बन्धित विद्यालयहरुलाई नै सम्पूर्ण जिम्मेवारी दिने । दिवा खाजा कार्यक्रम सञ्चालनको लागि आवश्यक भाँडावर्तन एवम् भान्सा घर निर्माण र अन्य व्यवस्थापकीय कार्य गर्नको लागि **अनुसूची ३** मा उल्लेखित विद्यालयहरुलाई आवश्यक छानविन गरी बजेट सहयोग गर्ने । | |
| ६. | प्रदेशस्तरिय प्रहरी तालिम केन्द्रको लागि जग्गा प्राप्ति गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका वडा नं. ३ स्थित अम्बाचौरमा प्रदेशस्तरिय प्रहरी तालिम केन्द्र निर्माणको लागि आवश्यक जग्गा प्रचलित जग्गा प्राप्ति सम्बन्धी ऐन, नियम, कार्यविधि अनुसार नगरपालिकाले प्रदेश सरकारसँगको समन्वयमा | |



राम बहादुर के.सी.

| क्र.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | यथाशीघ्र आवश्यक प्रक्रिया अगाडि बढाउने । | |
| ७. | कृषक सहकार्य समूहलाई उद्यशीलता सम्बन्धी सीप तथा क्षमता विकास तालिम सञ्चालन गर्ने सम्बन्धमा | कृषक सहकार्य समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम गठन भई नगरपालिकामा दर्ता भएका कृषक सहकार्य समूहलाई सम्बन्धित शुलभ दरमा कर्जा उपलब्ध गराउने राष्ट्रिय वाणिज्य बैंक समेतको सहभागितामा कम्तिमा तीन दिने उद्यमशीलता सम्बन्धी सीप तथा क्षमता विकास तालिम नगरपालिकाबाट स्वीकृत कार्ययोजना अनुसार सञ्चालन गर्ने । साथै गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको लागि उद्यमशिलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, उद्यमी स्तरोन्नति तालिम लगायतका सीप तथा क्षमता विकास तालिम तथा कार्यक्रमको हकमा अनुसूची ४ मा उल्लेख भए अनुसार गर्ने । | |
| ८. | भूमीहिन सुकुम्बासी, भूमीहिन दलित र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धमा | यस नगरपालिका र भूमी सम्बन्धी समस्या समाधान आयोगबीच मिति २०७७/०८/३० गते भूमीहिन सुकुम्बासी, भूमीहिन दलित र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न भएको समझदारी बमोजिम यस नगरपालिकाभित्र रहेका भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन यही मिति २०७७/०९/१५ गतेभित्र सम्पन्न गर्ने र यस कार्यको लागि सम्बन्धित वडा कार्यालयमा कार्यरत वडा सचिव, यस नगरपालिकामा कार्यरत अमिन र आवश्यकता अनुसार अन्य कर्मचारीहरु | |

| क्र.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | खटाउने । लगत संकलनको लागि आवश्यक लगत संकलन ढाँचा नगरपालिकाबाट उपलब्ध गराईने । | |
| ९. | भूमी बैंक सञ्चालन गर्ने सम्बन्धमा । | जमिन बाँझो रहन नदिन, बाँझो जमिनलाई उत्पादनमा लगाउन, उत्पादन वृद्धि गर्न, उपयोगमा नरहेको जग्गा न्यून आय भएका गरीब, किसान तथा सिमान्तकृत परिवारहरुलाई निश्चित शर्त र सुविधासहित उपयोग गर्न दिन र त्यस्ता परिवारहरुको आयआर्जन र गुणस्तरमा गुणात्मक सुधार ल्याउन, निष्कृय भूमीको उपयोग मार्फत वैदेशिक रोजगारबाट फर्केका लगायत ग्रामीण युवाहरुको लागि स्थानीयस्तरमा रोजगार सिर्जना गर्न, सहकारी खेती, सामूहिक खेती मार्फत व्यवसायिक उत्पादनलाई प्रोत्साहन गर्ने र उत्पादनको बजारीकरणमा सहयोग पुर्याउन यस नगरपालिकामा एक भूमी बैंक सञ्चालन गर्ने । | |
| १०. | केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा रकमान्तर गर्ने सम्बन्धी प्रस्ताव | केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा अनुसूची ५ बमोजिम रकमान्तर गर्ने । | |
| ११. | विविध समसामयिक विषय समेटिएको प्रस्तावमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | निर्णयमा उल्लेख भए अनुसार । | |

## मिति २०७७/०९/०५ गतेको नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरु

१. कर्णाली प्रदेश सरकारबाट मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि यस नगरपालिकामा स्वीकृत बजेट रु ५ करोड ५४ लाख ९५ हजार र वडागत विनियोजित सिलिङ बमोजिम एउटा वडाबाट बढिमा २ वटा योजना पर्ने गरी **अनुसूची १** मा उल्लेखित आयोजना छनौट गरी पठाउने र सोही अनुसार कार्यान्वयन गर्ने । प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि **अनुसूची १** बमोजिमका आयोजना छनौट गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाका विभिन्न नदी तथा खोलाहरुबाट बालुवा, गिट्टी, ढुङ्गा र दहत्तरबहत्तर संकलन र बिक्री वितरण सम्बन्धमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम ठेक्का बन्दोवस्त गरिएकोमा दोस्रो पटक समेत सूचना प्रकाशन गरेकोमा हालसम्म पनि कसैले बोलपत्र दर्ता नगराएकोले अन्तिम पटकको लागि तेस्रो पटक नगरपालिकाबाट स्वीकृत ठेक्का रकममा १० प्रतिशत घटि बोलपत्र आव्हान गर्ने र सो पश्चात् पनि कसैले बोलपत्र दर्ता नगरेमा नगरपालिका आफैंले नगर प्रहरी परिचालन गरी एवम् आवश्यकता अनुसार अन्य जनशक्ति समेत व्यवस्था गरी बालुवा, गिट्टी, ढुङ्गा, दहत्तरबहत्तर उत्खनन्, सङ्कलन तथा बिक्री वितरणको व्यवस्था मिलाउने ।

३. चौरजहारी नगरपालिका वडा नं. ७ स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी १५ शैयाको अस्पताल बनाउन आवश्यक भौतिक संरचना निर्माणको लागि नेपाल सरकारबाट बजेट स्वीकृत भईसकेको सन्दर्भमा एवम् यही २०७७ पौष मसान्तभित्र ठेक्का प्रक्रिया टुङ्ग्याई सक्नुपर्ने निर्देशन अनुसार १५ शैयाको अस्पताल निर्माण गर्न हाल प्राथमिक स्वास्थ्य केन्द्र रहेको स्थानमा मापदण्ड अनुसार जग्गा (मापदण्ड अनुसार कम्तिमा ९.६ रोपनी जग्गा हुनुपर्ने) नभएको, अस्पतालको लागि वडा नं. ९ र वडा नं. ७ गरी दुई स्थानमा करिब १०/१० रोपनी जग्गा प्राप्त भएकोमा जग्गा प्राप्त भएका स्थानहरुमध्ये कुन स्थानमा अस्पताल भवन निर्माण गर्ने सम्बन्धमा विवाद कायमै रहेकोले तीन (३) दिनभित्र वडा नं. ६, ७, ८ र ९ का वडा समितिमा रहेका जनप्रतिनिधिहरु र प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरुसहितको संयुक्त बैठक बसी उक्त बैठकले उल्लेखित जग्गा प्राप्त भएका स्थानहरु वा अन्यत्र उपयुक्त स्थान समेतको सर्वसहमतिबाट निक्यौंल गरी नगरपालिकामा निर्णयको प्रतिलिपिसहित पठाउने ।

४. आर्थिक वर्ष २०७८।०७९ को लागि समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन

गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी राष्ट्रिय योजना आयोगले मिति २०७७/०८/३० गते प्रकाशन गरेको सूचना अनुसार सूचना तथा कार्यविधिमा उल्लेखित शर्तहरुसमेतको आधारमा **अनुसूची २** बमोजिमका आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने ।

५. आर्थिक वर्ष २०७७/०७८ मा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरु लक्षित दिवा खाजा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विद्यालयहरुलाई खाद्य सामग्री खरिद, दिवा खाजा तयारी तथा वितरण र सोको लागि आवश्यक भाडावर्तन खरिद, भान्साकोठा व्यवस्थापन लगायतका आवश्यक व्यवस्थापकीय कार्यहरु गर्न आर्थिक वर्ष २०७७/०७८ को लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम सम्बन्धित विद्यालयहरुलाई नै सम्पूर्ण जिम्मेवारी दिने । दिवा खाजा कार्यक्रम सञ्चालनको लागि आवश्यक भाँडावर्तन एवम् भान्सा घर निर्माण र अन्य व्यवस्थापकीय कार्य गर्नको लागि **अनुसूची ३** मा उल्लेखित विद्यालयहरुलाई आवश्यक छानविन गरी बजेट सहयोग गर्ने ।

६. चौरजहारी नगरपालिका वडा नं. ३ स्थित अम्बाचौरमा प्रदेशस्तरिय प्रहरी तालिम केन्द्र निर्माणको लागि आवश्यक जग्गा प्राप्ति गर्न एवम् तालिम केन्द्र निर्माणको लागि आवश्यक अन्य कार्य गर्न प्रचलित जग्गा प्राप्ति सम्बन्धी ऐन, नियम, कार्यविधि अनुसार नगरपालिकाले प्रदेश सरकारसँगको समन्वयमा यथाशीघ्र आवश्यक प्रक्रिया अगाडि बढाउने । साथै तालिम केन्द्र निर्माणको लागि नगरपालिकाको तर्फबाट पूर्ण सहयोग, समन्वय र सहजीकरण गर्ने ।

७. कृषक सहकार्य समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम गठन भई नगरपालिकामा दर्ता भएका कृषक सहकार्य समूहलाई सम्बन्धित शुलभ दरमा कर्जा उपलब्ध गराउने राष्ट्रिय वाणिज्य बैंक समेतको सहभागितामा कम्तिमा तीन दिने उद्यमशीलता सम्बन्धी सीप तथा क्षमता विकास तालिम नगरपालिकाबाट स्वीकृत कार्ययोजना अनुसार सञ्चालन गर्ने । साथै गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको लागि उद्यमशिलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, उद्यमी स्तरोन्नति तालिम लगायतका सीप तथा क्षमता विकास तालिम तथा कार्यक्रमको हकमा

अनुसूची ४ मा उल्लेख भए अनुसार गर्ने ।

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

८. यस नगरपालिका र भूमी सम्बन्धी समस्या समाधान आयोगबीच मिति २०७७/०८/३० गते भूमीहिन सुकुम्बासी, भूमीहिन दलित र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न भएको समझदारी बमोजिम यस नगरपालिकाभित्र रहेका भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन यही मिति २०७७/०९/१५ गतेभित्र सम्पन्न गर्ने र यस कार्यको लागि सम्बन्धित वडा कार्यालयमा कार्यरत वडा सचिव, यस नगरपालिकामा कार्यरत अमिन र आवश्यकता अनुसार अन्य कर्मचारीहरु खटाउने । लगत संकलनको लागि आवश्यक लगत संकलन ढाँचा नगरपालिकाबाट उपलब्ध गराईने ।

९. जमिन बाँझो रहन नदिन, बाँझो जमिनलाई उत्पादनमा लगाउन, उत्पादन वृद्धि गर्न, उपयोगमा नरहेको जग्गा न्यून आय भएका गरीब, किसान तथा सिमान्तकृत परिवारहरुलाई निश्चित शर्त र सुविधासहित उपयोग गर्न दिन र त्यस्ता परिवारहरुको आयआर्जन र गुणस्तरमा गुणात्मक सुधार ल्याउन, निष्कृय भूमीको उपयोग मार्फत वैदेशिक रोजगारबाट फर्केका लगायत ग्रामीण युवाहरुको लागि स्थानीयस्तरमा रोजगार सिर्जना गर्न, सहकारी खेती, सामूहिक खेती मार्फत व्यवसायिक उत्पादनलाई प्रोत्साहन गर्ने र उत्पादनको बजारीकरणमा सहयोग पुर्याउन यस नगरपालिकामा एक भूमी बैंक सञ्चालन गर्ने ।

१०. केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा **अनुसूची ५** बमोजिम रकमान्तर गर्ने ।

११. देहायका आयोजनाहरुको मर्मत सम्भार गर्नुपर्ने भएकोले उल्लेखित रकम सम्बन्धित वडाको एक घर एक धारा तर्फ विनियोजित रकममध्येको कन्टिन्जेन्सी खर्चबाट व्यहोर्ने गरी बजेट विनियोजन गर्ने र तत्कालै मर्मत संभार गर्ने व्यवस्था मिलाउने :-

| क्र.स. | मर्मत सम्भार गर्नुपर्ने आयोजनाको विवरण | लागत अनुमान रु | कैफियत |
|---|---|---|---|
| १. | जोगिनेटा ग्रामिण सौर्य खानेपानी आयोजना वडा नं. ११ पम्प तथा सोलार खरिद | १,८८,०००.०० | |



राम बहादुर के.सी.
... अधिकृत

| क्र.स. | मर्मत सम्भार गर्नुपर्ने आयोजनाको विवरण | लागत अनुमान रु | कैफियत |
|---|---|---|---|
| २. | ठूलाखोला घारीटाकुरा सौर्य खानेपानी आयोजना वडा नं. ११ सोलार प्यानल खरिद | २,३५,०००.०० | |
| ३. | सिस्नेरी स्यानिखोर्या पाथिहाल्न सौर्य खानेपानी आयोजना वडा नं. १२ पम्प खरिद | २,००,०००.०० | |
| जम्मा | | ६,२३,०००.०० | |

नगर प्रमुख

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

**मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि छनौट भएका योजनाहरु (आर्थिक वर्ष २०७७/०७८)**

| क्र.स. | आयोजनाको नाम | आयोजना कार्यान्वयन हुने स्थान | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री आधारभूत विद्यालय लामिछानेगाउँ विद्यालय भवन तथा शौचालय निर्माण | वडा नं. १ | ३,८००,०००.०० | |
| २ | कुरल प्रतिक्षालय निर्माण | वडा नं. १ | ४२६,०००.०० | |
| ३ | शीतल मावि शौचालय निर्माण | वडा नं. २ | २,५००,०००.०० | |
| ४ | जङ्गले राउतधारा पूर्वेली धारा हुँदै बरागउरासम्मको सडक तथा सिढि निर्माण | वडा नं. २ | १,२७०,०००.०० | |
| ५ | वडा कार्यालय भवन निर्माण | वडा नं. ३ | ३,८७६,०००.०० | |
| ६ | आधारभूत विद्यालय मनकोट भवन निर्माण | वडा नं. ४ | ३,९३६,०००.०० | |
| ७ | खहरेखोला खहरे सिँचाई कूलो निर्माण | वडा नं. ५ | २,५००,०००.०० | |
| ८ | रानीवन खेलमैदान तथा पार्क निर्माण | वडा नं. ५ | १,३५५,०००.०० | |
| ९ | धमधमे खेल मैदान पूर्वाधार निर्माण | वडा नं. ६ | २,५००,०००.०० | |
| १० | घर्तिकाँडा गाउँघर क्लिनिक भवन निर्माण | वडा नं. ६ | १,४८२,०००.०० | |
| ११ | सौरीखोला मुदुस करेवाङ्ग चौर्यालधारा सिँचाई निर्माण | वडा नं. ७ | २,२९८,०००.०० | |
| १२ | मावि कोटजहारी पूर्वाधार सुधार | वडा नं. ७ | १,५००,०००.०० | |
| १३ | श्री कालिका आधारभूत विद्यालय लयाँटा खेल मैदान | वडा नं. ८ | २,५००,०००.०० | |
| १४ | गेरुखोला सिँचाई निर्माण योजना | वडा नं. ८ | १,४५६,०००.०० | |
| १५ | वडा कार्यालय भवन निर्माण | वडा नं. ९ | ३,७१३,०००.०० | |
| १६ | वडा कार्यालय भवन निर्माण | वडा नं. १० | ३,५००,०००.०० | |
| १७ | वयालखोला सिलिङ्गिखोला तटवन्धन निर्माण | वडा नं. १० | ४७५,०००.०० | |
| १८ | माझगाउँ देउमाली स्वास्थ्य चौकी सडक निर्माण | वडा नं. ११ | २,२००,०००.०० | |

| क.स. | आयोजनाको नाम | आयोजना कार्यान्वयन हुने स्थान | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १९ | जनकल्यान मावि जोगिनेटा भौतिक सुधार | वडा नं. ११ | १,७८२,000.00 | |
| २० | श्री जनकल्यान मावि सानाखोला फिल्ड निर्माण | वडा नं. १२ | १,६२०,000.00 | |
| २१ | आधारभूत विद्यालय जुम्लीपोखरी लाघुरीबोट भौतिक पूर्वाधार निर्माण | वडा नं. १२ | २,४००,000.00 | |
| २२ | वडा कार्यालय भवन निर्माण | वडा नं. १३ | ४,000,000.00 | |
| २३ | आधारभूत विद्यालय सिमचौर फिल्ड निर्माण | वडा नं. १३ | १३६,000.00 | |
| २४ | वडा कार्यालय भवन निर्माण | वडा नं. १४ | ४,२७०,000.00 | |
| | कूल जम्मा | | ५५,४९५,000.00 | |

अनुसूची २

## आर्थिक वर्ष २०७८/०७९ को लागि संघीय सरकारबाट प्राप्त हुने समपूरक तथा विशेष अनुदान तर्फ छनौट गरिएका आयोजनाहरुको विवरण

### (क) समपूरक अनुदान तर्फ

| प्राथमिकताक्रम नं. | आयोजनाको विवरण | आयोजना कार्यान्वयन हुने स्थान | लागत अनुमान रु | कैफियत |
|---|---|---|---|---|
| १. | चिप्लेटि-खागल-तिमीले-नुवाकोटडाडाँ सडक स्तरोन्नति | वडा नं. ८, ७, ९, ६, १२, १३ र १४ | विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भए अनुसार | |
| २. | तिर्सेखोला-घर्तिकाडाँ-ढोलढुङ्गा सडक निर्माण तथा स्तरोन्नति | वडा नं. ६ | विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भए अनुसार | |
| ३. | भेरी नदी चौरजहारी लिफ्ट सिँचाई आयोजना | वडा नं. १, २ र ३ | विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भए अनुसार | |

### (ख) विशेष अनुदान तर्फ

| प्राथमिकताक्रम नं. | आयोजनाको विवरण | आयोजना कार्यान्वयन हुने स्थान | लागत अनुमान रु | कैफियत |
|---|---|---|---|---|
| १. | मा.वि. खहरे ८ कोठे पक्की भवन निर्माण | वडा नं. ५ | विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भए अनुसार | |
| २. | सरस्वति मा.वि. घरेलीचौर ८ कोठे पक्की भवन निर्माण | वडा नं. १३ | विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भए अनुसार | |
| ३. | मा.वि. कोटजहारी ८ कोठे पक्की भवन निर्माण | वडा नं. ७ | विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भए अनुसार | |

नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

## दिवा खाजा कार्यक्रमको लागि आवश्यक भाडाँवर्तनको विवरण

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक भाँडाकुँडा | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | डेक्ची | कराई | डाडु | पन्यु | जम्मा | |
| १ | शीतल मा.वि. चौरजहारी | कक्षा ६-१० चलेको | | | | | | |
| २ | आ.वि. नाखीरा | ३८० | मेसिन अस्पताल मार्फत दिवा खाजा सञ्चालनमा रहेको | | | | | |
| ३ | जनप्रिय आ.वि. लामिछानेगाउँ | ९८ | मेसिन अस्पताल मार्फत दिवा खाजा सञ्चालनमा रहेको | | | | | |
| ४ | जनज्योती आ.वि. स्यालखोला | १६० | १ | १ | १ | १ | ४ | |
| ५ | मालिका आ.वि. अमलाटाकुरा | ९८ | १ | १ | १ | १ | ४ | |
| ६ | आधारभुत विद्यालय मनकोट | २०२ | १ | १ | १ | १ | ४ | |
| ७ | हिमालय मा.वि. खोलागाउँ | ३४२ | १ | १ | १ | १ | ४ | |
| ८ | मा.वि. खहरे | १७० | १ | १ | १ | १ | ४ | |
| ९ | मा.वि. कोटजहारी | १५० | १ | १ | १ | १ | ४ | |
| १० | आ.वि. घर्तीकाँडा | १४८ | १ | १ | १ | १ | ४ | |
| ११ | जनकल्याण मा.वि. सानाखोला | १५५ | १ | १ | १ | १ | ४ | |
| १२ | आ.वि. मानाकोट | १३५ | १ | १ | १ | १ | ४ | |
| १३ | सरस्वती मा.वि. घरेलीचौर | ९१ | १ | १ | १ | १ | ४ | |
| १४ | आ.वि. नार्जी | १३७ | १ | १ | १ | १ | ४ | |
| १५ | कालिका आ.वि. लयाँटा | १५५ | १ | १ | १ | १ | ४ | |
| १६ | कालिका आ.वि. गोइरी | ९३ | | | | | ० | भाँडा भएको |
| १७ | आ.वि. भुवाटाकुरा | ७४ | १ | १ | १ | १ | ४ | |
| १८ | गडिदेउराली आ.वि. लेकनार्जी | १११ | १ | १ | १ | १ | ४ | |
| १९ | जनज्योती आ.वि. मुलपानी | १०० | १ | १ | १ | १ | ४ | |
| २० | जनआस्था आ.वि. पुरानापानी | ५० | १ | १ | १ | १ | ४ | |
| २१ | जनसेवा आ.वि. जुम्लीपोखरी | १५४ | १ | १ | १ | १ | ४ | |
| २२ | जनकल्याण मा.वि. जोगीनेटा | १५८ | १ | १ | १ | १ | ४ | |
| २३ | जनचेतना आ.वि. तिमीलेपोखरी | ११२ | १ | १ | १ | १ | ४ | |
| २४ | बालहित मा.वि. साक्चाखोला | ९४ | १ | १ | १ | १ | ४ | |
| २५ | जनता आ.वि. सिमचौर | ११४ | १ | १ | १ | १ | ४ | |

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक भाँडाकुँडा | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | डेक्ची | कराई | डाडु | पन्यु | जम्मा | |
| २६ | जनकल्याण आ.वि. रातामाटा | १२४ | १ | १ | १ | १ | ४ | |
| २७ | आ.वि. लामाडाँडा | ११० | १ | १ | १ | १ | ४ | |
| २८ | जनता आ.वि. बिचकाटिया | १८५ | १ | १ | १ | १ | ४ | |
| २९ | बालहित आ.वि. नाउली | १४७ | १ | १ | १ | १ | ४ | |
| ३० | बालज्योती आ.वि. नाख्ला | १२७ | १ | १ | १ | १ | ४ | |
| ३१ | विजयश्वरी आ.वि. विजयश्वरी | १०५ | १ | १ | १ | १ | ४ | |
| ३२ | ज्ञानकुञ्ज आ.वि. कालापात्थर | २०८ | १ | १ | १ | १ | ४ | |
| ३३ | आ.वि. लहरेसिमल | १८७ | १ | १ | १ | १ | ४ | |
| ३४ | ऐश्वर्य आ.वि. बिसाउनेचौर | ६७ | १ | १ | १ | १ | ४ | |
| ३५ | ज्ञानज्योती आ.वि. माथीसर्केना | ९९ | | | | | ० | भाँडा भएको |
| ३६ | जनकल्याण मा.वि. खागल | १४२ | १ | २ | १ | १ | ५ | |
| ३७ | बालकल्याण आ.वि. मुलडाँडा | ७६ | १ | १ | १ | १ | ४ | |
| ३८ | कालिका वाविके मुलज्युला | २९ | १ | १ | १ | १ | ४ | |
| ३९ | जनचेतना बाविके अंगेरी | १८ | १ | १ | १ | १ | ४ | |
| ४० | समाजसेवा बाविके दोभानखोला | १८ | १ | १ | १ | १ | ४ | |
| ४१ | बालकल्याण बाविके पेदीखोला | २३ | १ | १ | १ | १ | ४ | |
| ४२ | बालविकास केन्द्र साक्चाटोल | २५ | १ | १ | १ | १ | ४ | |
| ४३ | बालविकास केन्द्र लाँखुरीबोट | २० | १ | १ | १ | १ | ४ | |
| कूल जम्मा | | ५१९१ | ३८ | ३९ | ३८ | ३८ | १५३ | |

नगर प्रमुख

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ४

## गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको लागि स्वीकृत कार्यक्रम/क्रियाकलापहरुको विवरण

| क्र.सं. | तालिमको नाम | इकाई | लक्ष्य | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | उद्यम विकास सहजकर्ता परिचालन | जना | २ | ६१५ |
| २ | उद्यमशिलता विकास तालिम | पटक | ५० | १०६८ |
| २.१ | कृषक सहकार्य समूहमा ३ दिने तालिम | | ५० | १००६ |
| २.२ | टोपे, टोसे र लैङ्गिक सचेतना तालिम ७ दिने | पटक | ३ | ६२ |
| ३ | प्राविधिक सिप विकास तालिम (दाना र कापी उद्योग सञ्चालन सम्वन्धी ) | पटक | २ | ४१७ |
| ३.१ | दाना उद्योग (१५ दिने) | | १ | १५८ |
| ३.२ | कापी उद्योग (३० दिने) | | १ | २५९ |
| ४ | उद्यमीको स्तरोन्नोती (पुनर्ताजगी र एडभान्स सीप विकास तालिम अन्तर्गत) | पटक | २ | ६०० |
| ४.१ | गार्मेन्ट उद्योग (४५ दिने) | पटक | १ | ४४५ |
| ४.२ | जुस उद्योग (१५ दिने) | | १ | १५६ |
| ५.० | प्रविधि हस्तान्तरण तथा प्रविधि पहुँचका लागि सहजीकरण (जुस मेशिन) | सेट | १ | ६०० |
| ६.० | सिप विकास तथा रोजगारी सिर्जना कार्यक्रम (प्लम्बिङ तालिम २५ जनालाई) | पटक | १ | ६२५ |
| ७.० | कोभिड-१९ विशेष रोजगारमूलक तालिम कार्यक्रम (हाउस वाइरिङ तालिम २५ जनालाई) | पटक | १ | ४०० |
| | जम्मा खर्च | | | ४३२५ |

नगर प्रमुख

...बहादुर के.सी.

## अनुसूची ५

### आर्थिक वर्ष २०७७।०७८ को केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा रकमान्तर गरिएको विवरण

(क) घटाउने

| क्र.स. | खर्च शीर्षक | स्रोत | घटाइएको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | जेष्ठ नागरिक सम्मान कार्यक्रम | राजश्व बाँडफाँट संघीय सरकार | ५००,०००.०० | |
| २. | आवासीय भवन निर्माण/खर | वित्तीय समानीकरण अनुदान संघीय सरकार | ४६०,०००.०० | |
| कूल जम्मा | | | ९६०,०००.०० | |

(ख) बढाउने

| क्र.स. | खर्च शीर्षक | स्रोत | बढाउने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | रामजानकी मन्दिरमा जेष्ठ नागरिकको लागि दिवाश्रम भवन निर्माण | संघीय सरकार राजश्व बाँडफाँट | ५००,०००.०० | |
| २. | सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रमको लागि भाँडावर्तन (डेक्ची, कराई, डाडु र पुन्यू) तथा भान्साघर निर्माण | वित्तीय समानीकरण अनुदान संघीय सरकार | ४६०,०००.०० | |
| कूल जम्मा | | | ९६०,०००.०० | |

नगर प्रमुख

२०७८/०३/०५